तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मिति २०८२ साल पुस महिनाको २४ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौंडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री खुमलाल भुसाल | |

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
योगीकुटी?, मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**तिलोत्तमा नगरपालिका**

**कार्यपालिका बैठक सङ्ख्याः ६/२०८२/८३ (१८६) मितिः २०८२/०९/२४ गते ।**

<u>बैठकका कार्यसूचीहरूः</u>

१. आर्थिक वर्ष २०८३/०८४ का लागि समपूरक र विशेष अनुदानतर्फका योजना छनोट सम्बन्धमा।
२. वडा कार्यालय परिसरबाट लेखापढी व्यवसायी हटाउने र निशुल्क निवेदन लेखनको प्रबन्ध मिलाउने सम्बन्धमा ।
३. केश म्यानेजरको छनौटको लागि लागत अनुमान, कार्यक्षेत्रगत सर्त तथा मूल्याङ्कनका आधार स्वीकृति सम्बन्धमा ।
४. तिलोत्तमा बहुप्राविधिक (अष्टभुजा) शिक्षालय सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ स्वीकृति सम्बन्धमा ।
५. सुलभ फार्मेसी सञ्चालन सम्बन्धी प्रस्ताव स्वीकृति सम्बन्धमा ।
६. तिलोत्तमा बहु-उद्देश्यीय टावर (भ्यू टावर) सञ्चालन सम्बन्धमा ।
७. विद्यालयको नाम परिवर्तन सम्बंन्धमा ।
८. जग्गा रजिष्ट्रेसन शुल्क छुटका लागि सिफारिस सम्बन्धमा ।
९. आर्थिक सहयोग सम्बन्धमा ।
१०. अघिल्लो कार्यपालिका बैठकका निर्णय समीक्षा सम्बन्धमा ।
११. विविध ।

रामकृष्ण खाण
नगर प्रमुख

सुकलाल मुसाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

राष्ट्रिय योजना आयोगबाट मिति २०८२।०८।२६ मा प्रकाशित सूचना बमोजिम समपूरक अनुदान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिम नेपाल सरकारबाट स्थानीय तहमा उपलब्ध हुने समपूरक तथा विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८३।८४ को लागि देहाय बमोजिमका आयोजना छनोट गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेस गर्ने र समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजनाको लागि नगरपालिकाको तर्फबाट ८० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता सहित स्रोत सुनिश्चितता समेत गर्ने ।

<u>देहायः</u>

| समपूरक अनुदानतर्फ | | | |
|---|---|---|---|
| प्राथमिकता क्रम | आयोजनाको नाम | आयोजनाको क्षेत्र | आयोजना कार्यान्वयन हुने स्थान |
| १. | मधवलिया-बिहुली-मुडियारी-कान्छीबजार सडक निर्माण आयोजना, तिलोत्तमा नगरपालिका वडा नं. १०, १५, १६ र १७ | सडक पूर्वाधार | वडा नं. १०, १५, १६ र १७ |

| विशेष अनुदानतर्फ | | | |
|---|---|---|---|
| प्राथमिकता क्रम | आयोजनाको नाम | आयोजनाको क्षेत्र | आयोजना कार्यान्वयन हुने स्थान |
| १. | मधवलिया अधुरो स्वास्थ्य चौकी भवन निर्माण, करहिया स्वास्थ्य चौकी बर्थिङ्ग सेन्टर भवन निर्माण र सहरी स्वास्थ्य केन्द्र कम्पाउण्ड वाल निर्माण (आ.व. २०८२।८३ को क्रमागत) | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि | वडा नं. १६, ८ र ४ |
| २. | तिलोत्तमा नगरपालिका अन्तर्गतका ७ वटा स्वास्थ्य चौकीमा वातानुकुलित खोपकेन्द्र निर्माण | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि | वडा नं. २, ६, ८, १०, १४, १६ र १७ |
| ३. | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण आयोजना, तिलोत्तमा नगरपालिका वडा नं. १ | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि | वडा नं. १ |

खड्गलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. २**

तिलोत्तमा नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट प्रवाह हुने सेवा प्राप्त गर्नको लागि सेवाग्राहीले वडा कार्यालय समक्ष पेस गर्नुपर्ने निवेदनका ढाँचामा एकरूपता कायम गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो छरितो तथा कम खर्चीलो ढङ्गबाट पाउने अवस्था सिर्जना गरी सेवा प्रवाह सरलीकरण गर्न र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गरी सुशासनको प्रत्याभूति दिन सबै वडा कार्यालयहरूमा नागरिक सहायता कक्ष स्थापना गर्ने, सेवाग्राहीको लागि आवश्यक पर्ने निवेदनहरू समेत सम्वन्धित वडा कार्यालयबाट निशुल्क प्राप्त हुने व्यवस्था मिलाई वडा कार्यालयहरूबाटै निशुल्क निवेदन लेखनको प्रबन्ध मिलाउने र हाल वडा कार्यालय परिसरमा रहेका लेखापढी व्यवसायीहरूलाई कार्यालय परिसरबाट हटाउने ।

**निर्णय नं. ३**

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र विश्व बैंकको लागत साझेदारीमा संचालित लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना (IGBVRN) अन्तर्गत केश म्यानेजर छनोटको लागि तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट पेस भएको लागत अनुमान, प्रस्ताव सम्बन्धी कागजात, कार्यक्षेत्रगत सर्त तथा मूल्याङ्कनका आधार स्वीकृत गर्ने ।

**निर्णय नं. ४**

तिलोत्तमा नगरपालिकाको विधेयक समितिबाट छलफल गरी निर्णयका लागि नगर कार्यपालिका बैठकमा पेस भएको तिलोत्तमा (अष्टभुजा) बहुप्राविधिक शिक्षालय सञ्चालन सम्बन्धी कार्यविधि, २०८२, स्वीकृत गर्ने ।

**निर्णय नं. ५**

तिलोत्तमा नगरपालिकाको सुलभ फार्मेसी सञ्चालन सम्बन्धमा मिति २०८२/०९/०२ गतेको हिमालय टाईम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार मिति २०८२/०९/१७ गते दिनको १२ बजेभित्र प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन समितिबाट नियमानुसार मूल्याङ्कन गर्दा श्री बुट्स मेडिको प्रा.लि., बुटबलले सबै प्रकारका औषधी तथा औषधीजन्य सामग्रीमा २५.१०% छुट दिन प्रस्ताव गरेको र उक्त प्रस्ताव अधिकतम मूल्यांकित सारभूत रूपमा प्रवाहग्राही देखिएको भनी स्वीकृतिको लागि सिफारिस भई आएकोले श्री बुट्स मेडिको प्रा.लि., बुटवलको प्रस्ताव तिलोत्तमा नगरपालिकाको सुलभ फार्मेसी सञ्चालन सम्बन्धी निर्देशिका, २०८२ को दफा १८ बमोजिम स्वीकृत गरी सम्झौताको प्रक्रिया अगाडि बढाउने ।

रामकृष्ण खाण
नगर प्रमुख

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

तिलोत्तमा नगरपालिका वडा नं.-२, वनबाटिकामा निर्माण भएको तिलोत्तमा बहु-उद्देश्यीय टावर (भ्यू टावर) को सञ्चालन कार्यको आय ठेक्का बन्दोबस्त गर्न मिति २०८२/०६/२९ गते पहिलो पटक र मिति २०८२/०८/०४ गते दोस्रो पटक सूचना प्रकाशन गरिएकोमा सूचनाको म्याद भित्र कुनैपनि बोलपत्र पेस नभएकोले बोलपत्र र सूचनाको साबिकको सर्तमा देहाय बमोजिम संसोधन गरी पुनः ठेक्का प्रक्रिया अगाडि बढाउने ।

१. न्युनतम अङ्क वार्षिक रु.३९,५०,०००/- (अक्षरेपी उनान्चालिस लाख पचास हजार रूपैयाँ मात्र) कायम गर्ने ।
२. शुरुका पाँच वर्षसम्म ठेक्का रकममा कुनै पनि वृद्धि नहुने । पाँच वर्ष पछि पहिलो पटक १० प्रतिशतका दरले ठेक्का रकममा बृद्धि हुने र यस पश्चात प्रत्येक दुई/दुई वर्षमा १० प्रतिशतका दरले वृद्धि हुँदै जाने ।
३. साविकको सूचनामा उल्लिखित उपरोक्त बाहेकका अन्य सर्तहरु यथावत रहने ।

**निर्णय नं. ७**

तिलोत्तमा नगरपालिका वडा नं. १० मा अवस्थित चाईल्ड केयर न्यू लाईफ ईङ्गलिस एकेडेमी प्रा.लि. तिलोत्तमा-१० को पत्र संख्या २०८२/०८३, च.नं. १४, मिति २०८२/०५/०३ को प्राप्त पत्र एवम् तिलोत्तमा नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ९०९(क), मिति २०८२/०९/०९ को सिफारिस पत्र तथा शिक्षा ऐन, २०२८ को दफा १५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (८) बमोजिम **"चाईल्ड केयर न्यू लाईफ ईङ्गलिस एकेडेमी प्रा. लि."** को नाम परिवर्तन गरी **"नेपथ्य स्कूल, रूपन्देही"** कायम गर्ने ।

**निर्णय नं. ८**

क.) तिलोत्तमा नगरपालिका वडा नं. ०५ मा दर्ता कायम रहेको पहाडी फुड्स प्रा. लि., काठमाडौंका सञ्चालक श्री तुलसी घिमिरेले मिति २०८२।९।१३ गते यस कार्यालयमा पेस गरेको निवेदन एवम् तिलोत्तमा नगरपालिका १० नं. वडा कार्यालयको च.नं. १०३३, मिति २०८२/०९/२० गतेको पत्रानुसार हाल तिलोत्तमा नगरपालिका वडा नं. १० मा पर्ने साविक मक्रहर ३/क कि.नं. ६७५ र २०२०, क्षेत्रफल क्रमशः०-५-१६.७५-० बिघा र ०-२-१८-० बिघा जग्गामा कृषिजन्य खाद्यान्न सामाग्री उत्पादन तथा उत्पादनमूलक उद्योग स्थापना गरी सञ्चालन गर्न जग्गा खरिद गर्दा लाग्ने घरजग्गा रजिष्ट्रेसन शुल्क छुटका लागि सिफारिस माग भई आएकोमा लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ को दफा २ सँग सम्बन्धित अनुसूची-१ को खण्ड (घ) को सि.नं. ३ को व्यवस्था बमोजिम घरजग्गा रजिष्ट्रेसन शुल्क छुट दिने प्रयोजनको लागि मालपोत कार्यालय बुटबल, रूपन्देहीलाई सिफारिस गरी पठाउने ।

खुमलाल गुप्ताल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

ख.) तिलोत्तमा नगरपालिका वडा नं. १४ मा दर्ता कायम रहेको कपडा उत्पादन गर्ने उत्पादनमूलक उद्योग आयान्स गार्मेन्ट इण्डष्ट्रिज प्रा.लि., रूपन्देहीका सञ्चालक श्री मनिस महर्जनले मिति २०८२/०९/१६ गते यस कार्यालयमा पेस गरेको निवेदन एवम् तिलोत्तमा नगरपालिका, १४ नं. वडा कार्यालयको च.नं. १५३१, मिति २०८२/०९/१४ गतेको पत्रानुसार हाल तिलोत्तमा नगरपालिका वडा नं. १४ मा पर्ने साविक टिकुलीगढ १/क कि.नं. ५७१ क्षेत्रफल १-७-०-० बिघा जग्गामा स्वदेशी तथा विदेशी उच्च स्तरका कपडा उत्पादन गर्ने कार्यका लागि उत्पादनमूलक उद्योग स्थापना गरी सञ्चालन गर्न जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क छुटका लागि सिफारिस माग भई आएकोमा लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ को दफा २ सँग सम्बन्धित अनुसूची-१ को खण्ड (घ) को सि.नं. ३ को व्यवस्था बमोजिम घरजग्गा रजिष्ट्रेसन शुल्क छुट दिने प्रयोजनको लागि मालपोत कार्यालय भैरहवा, रूपन्देहीलाई सिफारिस गरी पठाउने ।

**निर्णय नं. ९**

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक नगर विकास योजनामा देहायका शीर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी तपसिलका योजना तथा कार्यक्रममा वजेट विनियोजन गर्ने र प्रस्तुत निर्णय अनुमोदनको लागि नगरसभांको आगामी अधिवेशनमा पेस गर्ने ।

तपसिलः

| क्र.सं. | योजना/कार्यक्रमको नाम | बजेट रकम रू. | खर्च व्यवस्थापन गर्ने शीर्षक |
|---|---|---|---|
| १. | शिवकालिका मन्दिर निर्माण वडा नं. १ | ५,००,०००/- | मठ मन्दिर गुम्बा बिहार मस्जिद तथा चर्च संरक्षण मध्येबाट (सि.नं. ५६४) |
| २. | बुटवल उद्योग वाणिज्य संघ, रूपन्देही, कृषि मेला २०८२ | ४,००,०००/- | अन्य संघ संस्थासँग साझेदारी कार्यक्रम (सि.नं. ३५५) |
| ३. | नेपाल उद्यान महासंघ बुटवललाई सम्मेलन सञ्चालनार्थ सहयोग | २,००,०००/- | अन्य संघ संस्थासँग साझेदारी कार्यक्रम (सि.नं. ३५५) |
| ४. | सिद्धार्थ आधारभूत विद्यालय गेट निर्माण वडा नं. १ | रु.१,००,०००/- | अन्य संघ संस्थासँग साझेदारी कार्यक्रम (सि.नं. ३५५) |

**निर्णय नं. १०**

मिति २०८२/८/२४ गतेको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं. ११

तिलोत्तमा नगरपालिका नगर सभाको १७ औं अधिवेशनबाट स्वीकृत योजना तथा कार्यक्रमहरूमा देहाय बमोजिम संशोधन गरी कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा र वडा कार्यालयबाट लेखी आएको विषयमा छलफल हुँदा वडा कार्यालयबाट लेखी आए बमोजिम संशोधन गर्ने र प्रस्तुत निर्णय अनुमोदनमा लागि नगर सभाको आगामी अधिवेशनमा पेस गर्ने ।

देहायः

| सि.नं. | वडा नं. | साविकको योजनाको नाम | विनियोजित रकम रू. | संशोधन पछि कायम हुने योजनाको नाम | रकम रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ५ | नालिमा ढक्कन व्यवस्थापन तथा नाली सरसफाई | ४,००,०००/ | आनन्द पथ कालोपत्रे | ४,००,०००/ | |
| २. | १६ | • नेपाल मगर संघ भवन निर्माण अधुरो<br>• स्वास्थ्य चौकी ल्याव सञ्चालन तथा व्यवस्थापन<br>• मगर महिला समुदाय संस्कृति | २,५०,०००/-<br>२,००,०००/<br>५०,०००/- | नेपाल मगर संघ भवन निर्माण अधुरो | ५,००,०००/- | |
| ३. | १२ | मुरलीको घरदेखि बर्मेली टोल हुँदै तुकतुकिया शिवालय चोकसम्म नाली निर्माण सहित कालोपत्रे-१२ | ७३,५३,०००/- | मुरलीको घरदेखि बर्मेली टोल हुँदै तुकतुकिया शिवालय चोकसम्म नाली सहित कालोपत्रे-१२ | | |
| ४. | शिंक्षा/ नगर स्तर | • विद्यालयहरुमा फल्स सिलिङ्ग (पेज नं.९६,क्र.स.५८६)<br>• आधारभूत तह र माध्यमिक तहमा कक्षा व्यवस्थापन (पेज नं.६२,क्र.स. २७६) मध्येबाट | १०,०००,०००/<br>५,००,०००/- | विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माण तथा शैक्षिक सुधार कार्यक्रम | १५,००,०००/- | |

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

| सि.नं. | वडा नं. | साविकको योजनाको नाम | विनियोजित रकम रू. | संशोधन पछि कायम हुने योजनाको नाम | रकम रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| ५. | २ | बालमैत्री स्थानीय शासन दिगोपनाका लागि क्षमता विकास कार्यक्रम तथा बाल उद्यानमा तार जाली निर्माण कार्यक्रम | ४,३४,०००/- | • गरिब तथा जेहन्दार विद्यार्थी सम्मान कार्यक्रम<br>• वडा बाल सञ्जाल र संरक्षक अध्ययन अवलोकन भ्रमण<br>• वडा बाल अधिकारी, बालमैत्री समिति, बाल सञ्जाल टोल बाल समूह बैठक व्यवस्थापन र यातायात खर्च<br>• बाल उद्यानमा तारजाली निर्माण<br>• बाल सञ्जाल, बाल समूह, बालमैत्री समिति, बाल अधिकार समितिको ब्यानर लेखन । | ५०,०००/-<br>१,२०,०००/-<br>१,५०,०००/-<br>१,००,०००/-<br>१४,०००/- | |
| ६. | ६ | तिलोत्तमा आमा समूह अगरबत्ती तालिम तिलोत्तमा-६ | १,००,०००/- | तिलोत्तमा आमा समूहको लागि मादल तथा हार्मोनियम तिलोत्तमा -६ | १,००,०००/- | |
| ७. | ६ | • सडक बत्ती व्यवस्थापन<br>• ह्यूमपाईप खरिद तथा जडान<br>• हरियाली प्रवर्धन तथा सरसफाइ<br>• वडाका विभिन्न बाटोहरूमा ग्रेडर लगाउने कार्य<br>• उत्कृष्ट टोल विकास संस्था सम्मान कार्यक्रम<br>• जेष्ठ नागरिक चौपारी निर्माण | २०००००/-<br>१५००००/-<br>१५००००/-<br>२५००००/-<br>७५०००/-<br>२०००००/- | • गौरीशंकर पंथ स्तरोन्नति एवम् कल्भर्ट निर्माण<br>• तिलोत्तमा पार्क पूर्वतर्फ सडक स्तरोन्नति<br>• शिवपथमा ह्यूमपाईप जडान एवं विधिध निर्माण | ६०००००/-<br>३०००००/-<br>१२५०००/- | |
| ८. | १४ | धन बहादुर पछाइको घरदेखि पूर्व जाने सडक स्तर उन्नति | १,५०,०००/- | कृष्ण पंगेनीको घरदेखि घनश्याम घलेको घरसम्मको कूलो निर्माण | १,५०,०००/- | |

खुमलाल गुराल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

| सि.नं. | वडा नं. | साविकको योजनाको नाम | विनियोजित रकम रू. | संशोधन पछि कायम हुने योजनाको नाम | रकम रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| ९. | १४ | दुर्गा नगर संगम पथमा कल्भर्ट निर्माण | २,००,०००/- | दुर्गा नगर सडक स्तरोन्नति | २,००,०००/- | |
| १०. | १४ | चम्कीपुर निविया पथमा नाली निर्माण | १,००,०००/- | चम्कीपुर राम मिलन ढालीको घरतर्फ सडक स्तरोन्नति | १,००,०००/- | |
| ११. | १४ | रगरगंजमा समयमाई टोलको सामुदायिक भवन मर्मत-१४ | ५०,०००/- | रगरगंजमा मिनि हाइमास्ट जडान | ५०,०००/- | |
| १२. | १४ | सुनौलो लाली गुराँस आमा समूहद्धारा टिकुलीगढ हाटबजारमा चौपारी निर्माण | ५०,०००/- | टिकुलीगढ हाटबजारमा चौपारी निर्माण | ५०,०००/- | |
| १३. | १४ | श्री दुर्गा मा.वि. तिलोत्तमा १४ ट्रस निर्माण | १,००,०००/- | श्री दुर्गा मा.वि. भवन निर्माण | १,००,०००/ | |
| १४. | १४ | टिकुलीगढ थारु गाउँमा सडक स्तरोन्नति | २,००,०००/- | • श्री दुर्गा मा.वि. भवन निर्माण,<br>• टिकुलीगढमा सडक स्तरोन्नति | १,००,०००/<br>१,००,०००/ | |
| १५. | १६ | • मधवलिया आमा समूहको भवनमा ट्रस निर्माण<br>• बिहुली कृषि सडक ग्राभेलको रकम | ३,५०,०००/<br>१,००,०००/- | मधवलिया आमा समूह भवन पूर्वाधार निर्माण | ४,५०,०००/- | |
| १६. | ८ | • मनकामना पथ उत्तर बाटो ग्राभेल | ५०,०००/- | राम पथ स्टयाण्डर्ड ग्राभेल | ५०,०००/- | |
| १७. | ८ | • हरितालिका तीज गीत कार्यक्रम | ५०,०००/- | महिलाहरुका लागि सशक्तिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम | ५०,०००/- | |

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख